# संघीय संसद
# प्रतिनिधि सभा
## एघारौं अधिवेशन
## बैठक संख्या - २२

## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

**२०७९ साल जेठ ३० गते सोमबार**

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा बिहान ११:३५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै हात उठाएर मा० श्री योगेश कुमार भट्टराईले बजेट र राजश्वको दर निर्धारण गर्ने अर्थ मन्त्रालयको गोप्य स्थानमा जोकोही जान पाउँदैनन् तर आ.व. २०७९/८० को बजेट निर्माणको क्रममा मा० अर्थ मन्त्रीको निर्देशनमा अर्थ मन्त्रालयका पूर्व नायब सुब्बालाई उक्त स्थानमा प्रवेश गराई कर तथा राजश्वका दरहरु परिवर्तन गर्ने कार्य भएको, बजेट निर्माणमा भएका लापरवाहीका सम्बन्धमा विभिन्न सञ्चार माध्यममा समाचार प्रकाशित भएको, बजेट जस्तो संवेदनशील विषयमा प्रश्न उठेकाले मा० अर्थ मन्त्रीले सदनमा यसको जवाफ दिनुपर्ने लगायतका विषयहरुमा आफ्नो भनाई राख्नुभयो ।

तदुपरान्त स्थगन प्रस्तावका प्रस्तावक मा० श्री विशाल भट्टराईले अत्यन्त जरुरी सार्वजनिक महत्वको विषयमा छलफल गर्न आजको बैठकको कार्यक्रम स्थगन गरियोस् भन्ने प्रस्ताव पेश गर्न बैठकको अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ८० को उपनियम (२) बमोजिम अनुमति माग्ने प्रस्तावको विरोध नभएकोले सम्माननीय सभामुखले उक्त स्थगन प्रस्ताव प्रस्तुत गर्न बैठकको अनुमति प्राप्त भएको घोषणा गर्नुभयो ।

त्यसपछि स्थगन प्रस्तावका प्रस्तावक मा० श्री विशाल भट्टराईले अत्यन्त जरुरी सार्वजनिक महत्वको विषयमा छलफल गर्ने प्रयोजनको लागि आजको बैठकको कार्यक्रम स्थगन गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त उक्त प्रस्तावमाथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री राजेन्द्र कुमार राई
२. मा० श्री कृष्ण गोपाल श्रेष्ठ
३. मा० श्री नारायण प्रसाद खतिवडा
४. मा० श्री झपट बहादुर रावल
५. मा० श्री गंगा चौधरी (सत्गौवा)
६. मा० श्री रेखा कुमारी
७. मा० श्री यज्ञराज सुनुवार
८. मा० श्री नारायण प्रसाद मरासिनी
९. मा० श्री पवित्रा निरौला (खरेल)
१०. मा० श्री बिमला विश्वकर्मा
११. मा० श्री सरिता कुमारी गिरी
१२. मा० श्री नवराज सिलवाल
१३. मा० श्री घनश्याम खतिवडा
१४. मा० श्री पुष्पा भुसाल (गौतम)
१५. मा० श्री पदम गिरी
१६. मा० श्री राम कुमारी चौधरी
१७. मा० श्री जीवनराम श्रेष्ठ
१८. मा० श्री प्रमोद साह
१९. मा० श्री अमन लाल मोदी
२०. मा० श्री सुरेश चन्द्र दास
२१. मा० श्री दुर्गा पौडेल
२२. मा० श्री तेजुलाल चौधरी
२३. मा० श्री खगराज अधिकारी
२४. मा० श्री मिनबहादुर विश्वकर्मा
२५. मा० श्री पार्वता डि.सी. (चौधरी)
२६. मा० डा० डिला सँग्रौला (पंत)
२७. मा० श्री गोपाल बहादुर बम
२८. मा० श्री लक्ष्मी परियार
२९. मा० श्री गणेश कुमार पहाडी
३०. मा० श्री नरबहादुर धामी
३१. मा० डा० सूर्य प्रसाद पाठक
३२. मा० श्री भरत कुमार शाह
३३. मा० श्री उमाशंकर अरगरिया
३४. मा० श्री गोमा देवकोटा
३५. मा० श्री सञ्जय कुमार गौतम
३६. मा० श्री नारदमुनि राना
३७. मा० श्री कलिला खातुन
३८. मा० श्री पार्वती कुमारी विशुन्के
३९. मा० श्री लक्ष्मी कुमारी चौधरी
४०. मा० श्री मोहन प्रसाद पाण्डे
४१. मा० श्री कु. तुल्सी थापा
४२. मा० श्री प्रेम सुवाल
४३. मा० श्री निरु देवी पाल
४४. मा० श्री शक्ति बहादुर बस्नेत
४५. मा० श्री महेश बस्नेत
४६. मा० श्री देवप्रसाद तिमलसेना
४७. मा० श्री पूर्ण कुमारी सुवेदी

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक आजै आधा घण्टापछि बस्नेगरी बैठक दिनको २:३० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजै आधा घण्टापछि बस्ने गरी स्थगित भएको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको ४:३० बजे प्रारम्भ भयो ।

सर्वप्रथम मा० कृषि तथा पशुपंक्षी विकास मन्त्री श्री महीन्द्र राय यादवले अत्यन्त जरुरी सार्वजनिक महत्वको प्रस्तावमाथि छलफल गर्न बैठकको कार्यक्रम स्थगित गरियोस् भन्ने प्रस्तावमाथिको छलफलको क्रममा उठेका प्रश्नको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले कार्यक्रम अगाडि बढाउन खोज्नुहुँदा मा० श्री खगराज अधिकारीले नियमापत्ति गर्नुहुँदै मन्त्रीको जवाफका सम्बन्धमा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २१९ बमोजिम स्पष्टिकरण माग गर्न पाउनुपर्छ भन्नुभएपछि सम्माननीय सभामुखले उक्त छलफलमा सो व्यवस्था नभएपनि मा० सदस्यको मागलाई ध्यानमा राखी पछि परम्परा र नजिर नबस्ने गरी स्पष्टिकरणमा भाग लिन समय दिनुहुँदा मा० श्री खगराज अधिकारी र मा० श्री प्रेम सुवालले मा० मन्त्रीसँग स्पष्टिकरण सोध्नुभयो ।

तत्पश्चात मा० कृषि तथा पशुपंक्षी विकास मन्त्री श्री महीन्द्र राय यादवले स्पष्टिकरणको क्रममा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले मा० श्री विशाल भट्टराई समेतले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ७८ बमोजिम दर्ता गर्नुभएको अत्यन्त जरुरी सार्वजनिक महत्वको स्थगन प्रस्तावको सूचना सभाको आजको बैठकको कार्यसूचीमा परि छलफल भयो । यस विषयमा ४८ जना मा० सदस्यहरुले राख्नु भएको विचार र मा० कृषि तथा पशुपन्छी विकास मन्त्रीले दिनु भएको जवाफ समेतका पृष्ठभूमिमा

प्रस्तुत विषयमा समान किसिमको धारणा आएकोले देहाय बमोजिमको विशेष प्रस्ताव सभाको सहमतिको लागि प्रस्तुत गर्नुहुँदा सभाले सहमति जनायो ।

विशेष प्रस्ताव

"रासायनिक मल कृषि उत्पादन वृद्धिको लागि अत्यावश्यक रहेको र हाल प्रमुख बालीको रुपमा रहेको धान बाली लगाउने समयमा समेत रासायनिक मल उपलब्ध नभएको विषयमा यस सदनको गम्भिर ध्यानाकर्षण भएको छ । कूल ग्राहस्र्थ उत्पादनमा २५ प्रतिशत योगदान दिने कृषि क्षेत्रका समस्या समाधान गर्ने कार्यलाई प्राथमिकता दिँदै अत्यावश्यक रासायनिक मल कृषकलाई सहज रुपमा उपलब्ध गराउनका लागि सम्भाव्य सबै उपाय अवलम्बन गरी कार्य सम्पादन गर्न प्रतिनिधि सभाका यो बैठक नेपाल सरकारलाई निर्देश गर्दछ ।"

तत्पश्चात सम्माननीय सभामुखले आजको कार्यसूचीको क्रमसंख्या २ मा रहेको कार्यक्रममा सामान्य हेरफेर गरेको जानकारी गराउनु भएपछि विनियोजन विधेयक, २०७९ अन्तर्गत विभिन्न मन्त्रालयहरुसँग सम्बन्धित विभिन्न शीर्षकहरुमाथिको छलफलको क्रममा उठेका प्रश्नहरुको सम्बन्धित मन्त्रीले जवाफ दिने क्रम अन्तर्गत मा० भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय मन्त्री श्री शशी श्रेष्ठले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि उक्त जवाफका सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले स्पष्टीकरण माग गर्नुभयो :-

१. मा० श्री प्रेम सुवाल
२. मा० श्री पुष्पा भुसाल (गौतम)
३. मा० डा० डिला सँग्रौला (पंत)
४. मा० श्री घनश्याम खतिवडा
५. मा० श्री मन कुमारी जि.सी.

तदुपरान्त मा० भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री श्री शशी श्रेष्ठले उक्त स्पष्टिकरणको सम्बन्धमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय तथा युवा तथा खेलकूद मन्त्रालय सम्बन्धी विनियोजन शिर्षकहरुमाथि सम्बन्धित मन्त्रीले जवाफ दिने कार्यक्रम आजको कार्यसूचीबाट हटाएको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि मा० श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मन्त्री श्री कृष्ण कुमार श्रेष्ठले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो

तदुपरान्त उक्त जवाफका सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले स्पष्टीकरण माग गर्नुभयो :-

१. मा० डा० सूर्य प्रसाद पाठक
२. मा० श्री घनश्याम खतिवडा
३. मा० डा० डिला सँग्रौला (पंत)
४. मा० श्री पुष्पा भुसाल (गौतम)
५. मा० श्री प्रेम सुवाल
६. मा० श्री नारायण प्रसाद खतिवडा
७. मा० श्री मन कुमारी जि.सी.

तत्पश्चात मा० श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री श्री कृष्ण कुमार श्रेष्ठले उक्त स्पष्टिकरणको सम्बन्धमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो

त्यसपछि मा० वन तथा वातावरण मन्त्रालय मन्त्री श्री रामसहाय प्रसाद यादवले वन तथा वातावरण मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त उक्त जवाफका सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले स्पष्टीकरण माग गर्नुभयो :-

१. मा० श्री नरबहादुर धामी
२. मा० श्री प्रेम सुवाल
३. मा० श्री देवप्रसाद तिमलसेना
४. मा० डा० डिला सँग्रौला (पंत)

तत्पश्चात मा० वन तथा वातावरण मन्त्री श्री रामसहाय प्रसाद यादवले उक्त स्पष्टिकरणको सम्बन्धमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले शहरी विकास मन्त्रालय सम्बन्धी विनियोजन शिर्षकमाथि सम्बन्धित मन्त्रीले जवाफ दिने कार्यक्रम आजको कार्यसूचीबाट हटाएको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि मा० महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय मन्त्री श्री उमा रेग्मीले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त उक्त जवाफका सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले स्पष्टीकरण माग गर्नुभयो :-

१. मा० श्री प्रेम सुवाल
२. मा० श्री मन कुमारी जि.सी.
३. मा० श्री पुष्पा भुसाल (गौतम)
४. मा० श्री निरा देवी जैरु
५. मा० डा० डिला सँग्रौला (पंत)

तत्पश्चात मा० महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री श्री उमा रेग्मीले उक्त स्पष्टिकरणको सम्बन्धमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले विनियोजन विधेयक, २०७९ अर्न्तगत कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, युवा तथा खेलकूद मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, परराष्ट्र मन्त्रालय, खानेपानी मन्त्रालय, अर्थ मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको सम्बन्धित मा० मन्त्रीहरुबाट उत्तर दिने कार्यक्रम मिति २०७९ जेठ ३१ गतेको बैठकमा हुने व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०७९ साल जेठ ३१ गते मंगलबार बिहान ११:०० बजे बस्नेगरी आजको बैठक बेलुका ८:०० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव